'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
वर्ष १ अंक : २७ शनिबार ०५ असोज, २०८१ 21 (Saturday) September 2024 पृष्ठ ४, मूल्य रु : १०।-

## हुम्लामा दसैं–तिहारको अवसरमा चामल र तेल सहुलियतमा बिक्री गरिने

• नमस्ते समचारदाता
हुम्ला, असोज/०४



खाद्य व्यवस्था तथा ब्यापार कम्पनी लिमिटेडको हुम्ला शाखाबाट नेपालीहरूको महान् चाड बडादसैं र तिहारको अवसरमा सहुलियतमा चामल र तेल बिक्री गरिने भएको छ । बुधबार बसेको जिल्ला खाद्य ब्यवस्था समितिको बैठकले सहुलियतमा चामल र तेल सर्वसाधारणका लागि बिक्री गर्ने निर्णय गरेको हो । असोज ६ गतेबाट दसैं तिहारका लागि सहुलियत मुल्यमा चालम र तेल बिक्री बितरण सुरु गरिने लिमीटेड हुम्ला शाखाका निमित्त कार्यालय प्रमुख नविन आचार्यले बताए । उनले चाडवाड लक्षित गरेर लिमीटेडले सहुलियतमा चामल र तेल बिक्री गर्न लागेको बताए । यसमा शाखाबाट चामल प्रतिकेजी पाँच रुपियाँ छुट हुने छ भने तेलमा भने प्रति लिटर सात रुपियाँ सर्वसाधारणले छुट पाउने छन् । शाखाबाट चार हजार क्वीन्टल चामल र ६ हजार ३५८ लिटर तेल सहुलियतमा बिक्री गरिनेछ । चामल भने पोषण तत्व मिसिएको बिक्री गरिनेछ । त्यसैगरी सर्केगार्ड गाउँपालिकाको लागि सर्केगार्ड डिपो र अदानचुली गाउँपालिकाका लागि श्रीनगर डिपोबाट पाँच पाँच सय क्वीन्टल चामल छुटमा बिक्री गरिनेछ । बैठक जिल्ला समन्वय समितिका उपप्रमुख दलु फडेराको अध्यक्षमा बसेको बैठकमा प्रमुख जिल्ला अधिकारी विनोदकुमार पोखरेल, कृषि बिकास कार्यालयका प्रमुख बखतबहादुर खड्का र सदस्य सचिव आचार्यको सहभागिता थियो । साथै आमन्त्रीतमा जिल्ला राजनीति दलहरूको पनि उपस्थिती रहेको थियो ।

## नेपालगन्ज रात्री दौडको विजेता बने पाल र साहु

• नमस्ते समचारदाता
नेपालगन्ज, असोज/०४



नेपालगन्ज १० किलोमीटर नाइट रनको उपाधि नेपाली सेनाको त्रिभुवन आर्मी क्लबका मुकेश पाल र बाँके नरैनापुरकी गीता साहुले जितेका छन् । संविधान दिवसका अवसरमा बिहीबार राति नेपालगन्जमा भएको रात्री दौडमा पालले ३१.०७.२१ मिनेटमा दस किलोमिटर दौड पूरा गर्दै च्याम्पियन बनेका हुन् । यसमा सशस्त्र प्रहरी बलको नेपाल एपीएफ क्लबका सन्तोष विक्रम बिष्ट दोस्रो र किरणसिंह बोगटी तृतीय भए । सन्तोषले ३२:४८:४४ मिनेटमा निर्धारित दुरी पूरा गर्दा किरणले ३२:५४:६३ मिनेटमा दौड पूरा गरि तृतीय भएका थिए । धारा नेपालगन्ज म्याराथनको दशौं संस्करण विशेष बनाउन 'दशौंमा दस इभेन्ट' अन्तर्गत पहिलो कार्यक्रमका रुपमा भएको दस किलोमिटर रात्री दौडमा महिला खुलातर्फ बाँके नरैनापुरकी गीता कुमारी साहु पहिलो भइन् । उनले ५९:१६: ५२ मिनेटमा दुरी पूरा गर्दा कोहलपुरकी स्वस्तिका शाहीले ५१:०६:३७ मिनेटमा दुरी पूरा गरि दोस्रो भइन् । सलिना थारु एक घण्टा ६ मिनेट ४८ सेकेन्डमा फिनिसिङ लाइन छुँदै तृतीय भइन् । पुरुष तथा महिला खुलातर्फका शीर्ष तीन जनाले क्रमश नगद रु २५ हजार, १५ हजार र १० हजारका साथै पदक र प्रमाणपत्र प्राप्त गरे । लुम्बिनी प्रदेश खेलकुद परिषदका सदस्यसचिव तिरनदाज गौतम, केएल दुगड ग्रुपका सिईओ प्रदीप छाजेड, नेपालगन्ज म्याराथनका संरक्षक सदस्य केसरबहादुर आले, राखेप सदस्य दिपेन्द्र बिष्ट लगायतले पुरस्कृत गरे । रात्री दौड जीवनमा पहिलोपटक दौड्न पाउँदा नै आफू निकै खुशी भएको विजेता पालले बताएका छन् ।

बाँकी ३ पेजमा...

## दशै खर्च माग्न हिडेरै लुम्बिनी पुगे राउटे मुखिया

• नमस्ते समचारदाता
दाङ, असोज/०४



ढाका टोपी र प्लास्टिकको चप्पल लगाएका ६० वर्षीय राउटे दिलबहादुर शाहीले लुम्बिनी प्रदेशको राजधानी देउखुरीमा भेटेर मुख्यमन्त्री चेतनारायण आचार्यसँग दशैं खर्च मागेका छन् । दशैं खर्च माग्न देउखुरी आइपुगेका शाहीले मुख्यमन्त्रीलाई काठको कोसेली उपहार दिए । सुर्खेतमा बस्दै आएका शाही मुख्यमन्त्रीलाई भेट्न बुधवार देउखुरी आइपुगेका हुन् । 'यो हातैले बनाएको काठको कोसेली हो । यस्ता कोसेली बनाउन थालेको धेरै भइसक्यो' उनले भने 'मुख्यमन्त्रीज्यू दशैं आउनै लाग्यो खर्च चाहियो ।' दशैं खर्च माग्न यसपटक शाही एक्लै लुम्बिनीको मुख्यमन्त्री कार्यालयसम्म आएका छन् । गाडी चढ्न डराएकाले अरु साथीहरू आउन नसकेको उनले बताए । सरकारले राउटे समुदायलाई सामाजिक सुरक्षा भत्ता दिँदै आएको छ । भत्तावापत उनीहरुले मासिक ४ हजार रुपैयाँ बुझ्ने गरेका छन् । राउटे समुदाय हरेक वर्ष दशैं खर्चका लागि प्रदेश सरकारलाई आग्रह गर्दै आएका छन् । मुख्यमन्त्री आचार्यले राम्रोसँग दशैं मनाउन र आपसमा मिलेर बस्न भन्दै दिलबहादुरलाई १० हजार रुपैयाँ नगद दिएर पठाएका छन् ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903


जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
ताँजाकोट गाउँपालिका
हुम्ला

# फल चाहियो, छलफल होइन



डा. अतीन्द्र दाहाल

सकारात्मक उपलब्धिको व्यग्र प्रतीक्षा। तर परिणाममा वियोगान्त । नेपाली राजनीतिको दीर्घकालीन चरित्र बन्दैछ यो । दक्षिण एसियाका एक विख्यात लेखक आशिष नन्दी नेपाली राजनीतिलाई 'ब्रेकफेल्ड एक्सप्रेस बस' मान्छन् । त्यस्तो गाडी द्रुत गतिमा दौडन्छ तर गन्तव्यमा पुग्दैन, दुर्घटनामा पर्छ । यात्रुको जीउ/धन नासिन्छ । हाम्रोमा पनि राजनीतिक परिवर्तनका लहरहरू, सरकार फेरवदलका शृंखलाहरू अनि नेताबीच हुने छलफलहरू उच्च रफ्तारमा चल्छन् । तर परिणामचाहिँ ब्रेकफेल्ड बस जस्तै दुर्घटनाका मात्र आउँछन् । नागरिकमा सदैव उच्च शंका र अपार निराशा देखिन्छ तसर्थ नन्दीको अलंकार निक्कै मर्मस्पर्शी छ यस अर्थमा । त्यसैले यो सरकारले यो भाष्य गलत साबित गरिदेओस् । संविधान बनाउन भएका छलफलले एक दशक लियो । राजनीतिक स्थायित्व, संविधानको सम्मान, संरक्षण र पालना, आर्थिक विकास अनि आम नागरिकलाई सबै प्रकारका सामाजिक न्यायको प्रत्याभूति ती छलफलका आशा थिए । यद्यपि अपेक्षित कुराहरूको सुनिश्चितता नभएपछि अब फेरि राजनीतिक परिवृत्तमा संविधान संशोधनको छलफल सुरु भएको छ । संविधान निर्माण गरेपछि उक्त संविधानको सम्मानसाथ सफल कार्यान्वयन गर्न सक्नु र नागरिकलाई अपेक्षित परिणाम दिन सक्नु नेतृत्व तहको जिम्मेवारी अनि दायित्व हो । दलहरू नीति, नियम र कानुनलाई स्थापित गर्दै संविधानलाई एक सर्वमान्य दस्ताबेज बनाउनभन्दा इच्छा अनुसार परिवर्तन गर्न रमाउनु र यसैका लागिमात्र छलफललाई केन्द्रित गर्नु दु : खद् र अलोकतान्त्रिक हुन्छ । अमेरिकामा सन् १७८७ मा निर्मित संविधानमा २३७ वर्षमा जम्मा २७ संशोधन भए । छिमेकी देश भारतमा ३९४ भाग रहेको संसारकै सबैभन्दा लामो लिखित संविधानमाथि पौने एक शताब्दीमा १०६ संशोधन भए । सान मरिनोमा सन् १६००, क्यानडामा १८६७, बेलायतमा १८४९, स्वीजरल्याण्डमा १८४८, लक्जम्बर्गमा १८४१, बेल्जियममा १८३१, नेदरल्याण्डमा १८१४, नर्वेमा १८१४, पोल्याण्डमा १७९१, अर्जेन्टिनामा १८५३, डेनमार्कमा १८४९ मा बनेका संविधान अझै कार्यान्वयनमा छन् । हामी भने संविधान अनुसार काम गर्न र विधि अनि कानुनलाई सम्मान दिनभन्दा स्वार्थ अनुसार कानुनको फेरबदलमा रमाउँछौं । आफ्नो उद्देश्य पूरा गर्ने प्रकारको नभए कानुनको बर्खिलाप समेत गर्छौं । राजनीतिशास्त्रका एक विख्यात लेखक ए हेवुडका अनुसार हाम्रो संविधान प्रभावकारी नभै केवल नाममात्रको तथा औपचारिक हो । लेखक जीजे फ्रेडिड भन्छन्, 'नियम अनुसार शासन गर्न तथा सबैलाई सही सबक सिकाउन संविधान निर्माण गरिन्छ ।' दुर्भाग्य, नियम अनुसार काम गर्नभन्दा आफू अनुसार नियम बनाउने लफडाबाजीमा भेनेजुएलामा २७, हाइटीमा २०, इक्वेडर र बोलिभियामा १७, अल सल्भाडोर र कोलम्वियामा १६ पटक नयाँ संविधान लेखिएको र अनेकौंपटक संशोधन भएको पाइन्छन् । देशको पूरै स्रोत, साधन र समयचाहिँ केवल संविधान निर्माण र संशोधनमा व्यतित हुन्छ । हामीमा पनि यो जोखिम जीवन्त छ, जसलाई दलबीचको छलफलले निराकरण गर्नुपर्छ । नयाँ नेपाल निर्माण



भनेको खाली नयाँ नाम, भौगोलिक वा राजनीतिक नक्सांकन अनि शक्तिका नयाँ पदहरूको निर्माणमात्र हैन । नागरिकको जीवनस्तरमा नयाँ उचाई नमिले परिवर्तन शाश्वत बन्दैन । नागरिकलाई नयाँ शब्द हैन, नयाँ व्यवहार र प्रगति आवश्यक छ, शब्द पुरानै किन नहोस् । अमेरिकामा सन् १९६३ को महान् अश्वेतवादी आन्दोलनका नेता मार्टिन लुथर किङ जुनियरले पूर्व राष्ट्रपति अब्राहम लिंकनसँग भएको सहमतिलाई 'खराब चेक' भने । कारण, त्यसले अश्वेतहरूको स्थान र भूमिकालाई कुनै नयाँ मोड दिन सकेन, जीवनमा तात्विक परिवर्तन महसुस गराएन । खराब चेकबाट नगद भुक्तानी हुँदैन । आम नागरिकलाई आशातीत परिवर्तन दिलाउन नसकी पुरानै समस्या र संकटहरू थाँती रहेमा यो संविधान अथवा यसमा गरिने संशोधन पनि एक खराब चेकमात्र बन्नेछ । साँच्चै, राष्ट्र निर्माण गर्ने र नागरिकलाई देश फेरिएको महसुस गराउने हो भने आर्थिक क्रान्तिका दिगो आधारहरू तयार पार्नुपर्छ । प्रत्येक नागरिकलाई उचित रोजगारीको प्रत्याभूति हुनुपर्छ । गरिबी र बेरोजगारी अन्त्यमा ठोस पहल गर्नुपर्छ । दलबीच दरिलो र उच्च आर्थिक वृद्धिलाई सुरक्षित गर्ने सोच, सामर्थ्य र तत्परता हुनुपर्छ । नयाँ देशको बहसमा नक्सा फेर्ने र प्रशासनिक क्षेत्रमात्रै घटबढ गर्ने तर आर्थिक विकासका बलिया आधार तयार नपार्ने हो भने त्यो हात्ती आयो हात्ती आयो फुस्सा हुनेछ । त्यसैले अब आर्थिक पुनर्संरचनाका आधारमाथि ब्यापक काम हुन जरुरी छ । आर्थिक प्रगति, सुशासन, सहज सेवाप्रवाह र सामाजिक न्याय अहिले नागरिकका सर्वोपरी अपेक्षा हुन् । लेखक आशिष नन्दी नेपाली राजनीतिलाई 'ब्रेकफेल्ड एक्सप्रेस बस' मान्छन् । त्यस्तो गाडी द्रुत गतिमा दौडन्छ तर गन्तव्यमा पुग्दैन, दुर्घटनामा पर्छ । यो सरकारले यो भाष्य गलत साबित गरिदेओस् । नेपालमा फर्पिङ र जापानमा केजी जलविद्युत् आयोजना सँगसँगै सुरु भएको मानिन्छ । थाई एयर र तत्कालिन शाही नेपाली वायु सेवा एकै वर्ष सुरु भएका हुन् । अहिले हामी लाइन लागेर विदेश गएजस्तै कुनै समय विदेशी नेपालमा काम गर्न आउँथे । तिब्बतमा हुने व्यापारमा पनि नेपाली मुद्रा चल्थे । हाम्रा निर्यात सूचांक उच्च थिए । व्यापार सन्तुलित थियो । उत्पादनमुखी आर्थिक कृयाकलापमा नागरिकहरू सहभागी थिए । तर आज हाम्रो व्यापार घाटा अनुपात ९० भन्दा बढी छ । वैदेशिक सहायता, ऋण र वैदेशिक रोजगारीमा गएकाहरूको कमाईले देशको त्राण धानिरहेको छ । नागरिकमा निराशा र सरकारप्रति अविश्वास छ । देश छाड्नेहरूको संख्या उच्च गतिले बढ्दैछ । आर्थिक मन्दीका सूचकहरू व्याप्त छन् । बैंकमा पैसा थुप्रिएको छ, लगानी गर्न कोही उत्प्रेरित छैन । अनुत्पादक लगानीमा पैसा खन्याउने होडबाजी छ । अन्तर्राष्ट्रिय राजनीतिक र आर्थिक परिवेशमा हामी कमजोर र जीर्ण बनेका छौं । हामीले कति गुमायौं, कति कमजोर हुदै गयौं भनेर तुलनात्मक अध्ययन गर्ने हो भने विशाल ठेली बन्नसक्छ । संविधानले यी समस्याको उपचार गर्न सकेन भने त्यो केवल कागजको खोस्टोमात्र हुनेछ । नर्वेमा लगभग ३० प्रतिशत युवामात्र औपचारिक उच्च शिक्षामा जान्छन् तर ९० प्रतिशत रोजगारी छ । हामीकहाँ उल्लेख्य संख्यामा युवा शिक्षित छन् तर उच्च बेरोजगारी छ । यो असन्तुलन अन्त्य हुनुपर्छ । देशको सम्पन्नता र सवलता भनेकै आर्थिक विकास हो । राजनीतिभन्दा अर्थनीति र आर्थिक अवस्था कमजोर हुनुको मूल्य निकै महंगो हुन्छ । केही दशक पहिले अमेरिकी र युरोपियन महादेशका अधिंकाश राज्यमा आएको आर्थिक मन्दीले प्रस्ट्याएको छ । उनीहरूको राजनीतिक स्थिति निकै सबल भए पनि एउटै आर्थिक मन्दीले दशकभरी कमजोर बनायो । राजनीतिक क्रान्तिमात्र अन्तिम र एउटै ध्येय मान्ने अन्धभक्ति छोडनुपर्छ । संसारका प्राय : सबै देशले एउटै आन्दोलनबाट मुहार फेरे । सन् १६८८ तिर भएको गौरवमय राज्यक्रान्तिले बेलायतलाई, १७८९ को क्रान्तिले फ्रान्सलाई, १९१७ को अक्टोबर क्रान्तिले रूसलाई, १९४५ को स्वतन्त्रता संग्रामले भारतलाई निकै अगाडि पुऱ्यायो । त्यसपछि उनीहरू निरन्तर आर्थिक समृद्धिमा होमिए । आन्तरिक एकताको आधारमा अन्तर्राष्ट्रिय सामर्थ्यता प्राप्त गरे । उनीहरू एउटा राजनीतिक क्रान्तिपछि आर्थिक क्रान्तिमा केन्द्रित रहे, तर पटक/पटकका हाम्रा क्रान्तिचाहिँ नयाँ नाम, नक्सा र शक्तिका नायक फेर्नेमा अल्झिए । अब त्यो अनावश्यक औपचारिकता त्याग्दै नागरिकको जीवन परिवर्तनको गतिमा लाग्ने स्पस्ट मार्गचित्र बन्नुपर्छ । दलहरूले छिमेकीका विकास कौशलताका ती नजीरहरूलाई हाम्रोमा समेत प्रत्याभूति गर्नसक्ने चरित्र निर्माण गर्नुपर्छ । आदर्श राजनीतिक चरित्र र देशको अग्रगामी सकारात्मक सभ्यताप्रति नि : सन्देह रहँदै जुँगा लडाईंको औपचारिकताको लागिमात्र संविधान संशोधन गर्नु वा नगर्नुले तात्विक महत्व राख्दैन । अब संविधान संशोधनको विवादभन्दा माथि उठ्दै आशातीत लक्ष्य प्राप्तिका सोच र सामर्थ्य निर्माणमा विशेष पहल गर्नुपर्छ । नेतृत्वले नागरिकलाई केवल अर्थहीन छलफल हैन, फल दिनसक्नु पर्छ ।

*-अन्नपूर्ण*

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडी, कालीकोट

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पडेक्षा, कालीकोट

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

# गुनासो सुन्न 'नमस्ते गुराँस' कार्यक्रम



• नमस्ते समचारदाता
दैलेख, असोज/०४

दैलेख जिल्लाको गुराँस गाउँपालिकाले नागरिकका गुनासो सुन्न नमस्ते गुराँस कार्यक्रम शुभारम्भ गरेको छ । संविधान दिवस तथा राष्ट्रिय दिवस २०८१ का अवसरमा उक्त कार्यक्रम शुभारम्भ गरेको गुराँस गाउँपालिकाले जानकारी दिएको छ । 'नमस्ते गुराँस' कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले स्थानीय तहका जनप्रतिनिधि मात्र नभई संघियता माथी गम्भिर प्रश्न उठीरहेको अबस्थामा गुराँस गाउँपालिकाले नागरिकका गुनासा सुन्ने र समाधान गर्ने उद्देश्यले उक्त कार्यक्रम शुभारम्भ गरेको भन्दै गाउँपालिकालाई धन्यबाद व्यक्त गरे । उनले संविधानको मर्मबमोजीम पारदर्शिता र जवाफदेहिताको राम्रो उदाहरण बन्न नमस्ते गुराँस गुनासो व्यवस्थान प्रणालीलाई दिगो रुपमा सञ्चालन गर्न आग्रह गर्दै नागरिकको अवस्था बदल्ने गरी काम गर्नुपर्ने बताए । गुराँस गाउँपालिकाका अध्यक्ष टोपबहादुर बिसीले स्थानीय सरकारले प्रवाह गरेको सेवा सुविधाको प्रभावकारीताका विषयमा नागरिकले घरमै बसेर गुनासो गर्न सक्ने प्रणाली नमस्ते गुराँस गुनासो व्यवस्थान प्रणाली सुरु गरिएको बताए । उनले गुराँस गाउँपालिकाको विशेष पहल र संस्थागत सुधारमार्फत न्यायमा पहुँच परियोजना-२ को प्राविधिक सहयोगमा नमस्ते गुराँस गुनासो व्यवस्थापन प्रणाली सञ्चालन गरिएको बताए । अध्यक्ष बिसीले गुराँस गाउँपालिकाभित्रका जुनसुकै गुनासो भए वा सुझाव भए नमस्ते गुराँसमार्फत गुनासो गर्न सम्पूर्ण गुराँसवासी नागरिकहरुलाई आग्रह गर्दै आएका गुनसालाई तत्काल सम्बोधन गर्न आफूहरु लाग्ने बताए । जिल्लाका अधिकांश स्थानीय तहमा नागरिकका गुनासो सम्बोधन गर्ने उद्देश्यले एप्स निर्माण गरी सञ्चालन नगरिरहेको बेला गुराँस गाउँपालिकाले लोकप्रियका नाममा मात्र उक्त कार्यक्रम सञ्चालन गर्न नहुने स्थानीयले बताएका छन् । गुराँस गाउँपालिका-४ खड्कवाडाका कर्णबहादुर शाहीले गुनासो ब्यबस्थापन प्रणालीमा आएको गुनासो सम्बोधन नगर्ने भए यस्ता कार्यक्रम सञ्चालन गर्न नहुने बताए । उनले भन्नुभयो, गुनासोकर्ताले गुनासो गरेको कति दिनभित्र त्यसको जवाफ पाउने हो त्योसमेत उल्लेख गरिनुपर्ने बताए ।

## नेपालगन्ज...

'मैले उपाधि नै जितें, इतिहास बनाउने अवसर पाएँ ।' पालले भने-'रात्री दौडको मज्जा नै बेग्लै हुने रहेछ ।' भेट्रान पुरुष तर्फ रैवत दाहाल ३८:०८:७१ मिनेटमा दुरी पूरा गर्दै प्रथम, बाँके खजुराका भरत श्रेष्ठ ४८:५६:२३ मिनेटमा लिंदै दोस्रो तथा महेन्द्र बज्राचार्य ४९:१९:२५ मिनेट लिंदै तेस्रो भए । लुम्बिनीका निवर्तमान सदस्यसचिव भिम ओली, समाजसेवी लिलबहादुर थापाले भेट्रानलाई पुरस्कृत गरे । भेट्रान विजेता रैवतले पछिल्लो पुस्तालाई दौडमा आकर्षित गरिरहन आफू दौडिरहेको प्रतिक्रिया दिए । राति दौड्दा फरक अनुभुति हुने रहेछ ।' उनले भने -'धेरैभन्दा धेरै दौडमा भाग लिनुपर्छ, यसको आकर्षण बढ्दै जानेछ ।'

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:
आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा बम्पर उपहार
रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यूरोड बाँके फोन नं. ९८४५२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

# दुर्गमलाई सुगम बनाउँदै हुलाकी सडक

• नमस्ते समचारदाता
नेपालगन्ज, असोज/०४



केही वर्ष अघिसम्म जिल्लाका दुर्गम र विकट मानिने बाँकेका पूर्वी क्षेत्रहरु अहिले हुलाकी सडकका कारण सुगम र विकसित हुन थालेका छन् । नेपालगन्जबाट अगैया र नरैनापुर जोड्ने हुलाकी सडक निर्माण गरिएपछि जिल्लाको बिकट मानिने नरैनापुर र राप्तीसोनारीका धेरै गाउँबस्ती अहिले सुगम बनेका छन् । सो सडकका कारण स्थानीयलाई आवतजावतमा सहज भएको छ । कालोपत्र भएको हुलाकी सडकबाट सवारीसाधनमार्फत नेपालगन्ज आवतजावत गर्न स्थानीयलाई निकै सहज भएको राप्तीसोनारी गाउँपालिका-३ का वडाध्यक्ष मीनकुमार चौधरीले बताए । उनले भने, हामी पहिले कोहलपुर हुँदै नेपालगन्ज जानुपर्ने बाध्यता थियो तर अहिले त्यो अवस्था समाप्त भएको छ ।' अहिले कृषि उपजका सामग्री किनबेच गर्न बेलैमा नेपालगन्ज पुग्न सजिलो भएको वडाअध्यक्ष चौधरीको भनाइ छ । अहिले राप्तीसोनारी गाउँपालिकाका-३, ४, ५, ६ लगायतका वडाहुँदै हुलाकी सडक नेपालगन्जबाट अगैया बजारसँग जोडिएको छ । सो सडकका कारण विनौना, धामपुर, चाचरफर्का, गोरधुइया, बैजापुर, नारायणपुर क्षेत्रका साना बजारसमेत चलायमान भएका छन् । राप्तीसोनारी ४ का नरेश चौधरीले हुलाकी सडकका कारण विकासको बाटो पनि खुलेको जनाउँदै वर्षाको समयमा हुने झन्झटको समेत अन्त्य भएको बताए । हुलाकी सडक कालोपत्र भएपछि अटो, मोटरसाइकललगायत साना सवारीसाधनको आवतजावत बढेको स्थानीयको भनाइ छ । स्थानीय जीवन थापाले धुलाम्मे अवस्था सधैँका लागि अन्त्य भएको बताउनुभयो । उहाँका अनुसार नेपालगन्ज-अगैया जोड्न थारुमारेमा पक्की पुल निर्माण भएकोले झनै सहज भएको छ । राप्ती नदीमा निर्माण भएको सो पुलले अगैया-नेपालगन्ज बाहेक नरैनापुरलाई समेत जोडेको छ । वि.सं २०७८ मा सुरु भएको उक्त सडक वि.सं २०८० मा सम्पन्न भएको थियो । हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालयका सूचना अधिकारी कृष्णप्रसाद पाण्डेले हुलाकी सडकलाई राजमार्गसँग जोडेर कुसुमबाट दाङ जोड्ने लक्ष्य सहित काम भइरहेको जानकारी दिए । नरैनापुर गाउँपालिकाका अध्यक्ष ईश्तियाक अहमद शाहले हुलाकी सडक निर्माणकै कारण नेपालगन्ज नरैनापुर सिधै जोडिएकोले यस क्षेत्रका जनतालाई धेरै सहज भएको बताए । उनले यसअघि सो सडक नहुँदा नेपालगन्ज पुग्न भारतको बाटो प्रयोग गर्नुपर्ने, बर्षाको बेला बाटो नै बन्द हुने हुँदा स्थानीयले ठुलो सास्ती भोग्नु परेको बताए । सडकसंगै नरैनापुरसम्म विद्युत समेत पुगेपछि कुनै बेला बाँकेको श्रीलंका भनेर चिनिने नरैनापुर अब सुगम र विकसित बन्दै गएको अध्यक्ष शाहको भनाइ छ ।

# बाजुरामा स्याउ बेचेर वार्षिक एक करोड आम्दानी

• नमस्ते समचारदाता
बाजुरा, असोज/०४



बाजुरा जिल्लाको पूर्वी उत्तर क्षेत्रमा पर्ने स्वामिकार्तिक खापर गाउँपालिकाका किसानले यो वर्ष स्याउ बिक्री गरेर एक करोडभन्दा बढी रुपियाँ आम्दानी गरेका छन् । स्वामिकार्तिक खापर गाउँपालिकामा रहेका दुई हजार चार सय घरपरिवारमध्ये एक हजार आठ सय घरपरिवारले यो वर्ष स्याउ बिक्री गरेर गाउँमै एक करोडभन्दा बढी रुपियाँ आम्दानी गरेका हुन् । गत वर्षकोभन्दा यो वर्ष स्याउ समयमै बिक्री भएपछि घरमै राम्रो कमाइ भएको स्वामिकार्तिक खापर गाउँपालिका किसान उत्तम शाहीले बताए । उनले, अघिल्लो वर्षमा स्याउ आफैंले बजारमा लगेर बिक्री गर्नुपरेको थियो । यो वर्ष भने व्यापारीहरु स्याउ बारीमै आएर सबै उठाएपछि घरमै राम्रो कमाइ भएको हो । यो वर्ष बारीमा उत्पादन भएको झण्डै ८० प्रतिशत स्याउ बिक्री भइसक्यो । अब २० प्रतिशत स्याउ बाँकी छ । पहिलेपहिले स्याउले समयमै बजार नपाउँदा स्थानीयले गाई गोरुलाई खुवाउने गर्थे । पछिल्लो समय यहाँ उत्पादन गरेको स्याउ गाउँपालिकाले देशका विभिन्न ठाउँमा बजारीकरणका लागि पहल गर्दै आएपछि आर्गानिक स्याउ समयमै बजारमा बिक्री हुन थालेको हो । स्वामिकार्तिक खापर गाउँपालिकाको जेवाले, सैडेओ खुनका, लोकी र जोरु लगायतका विभिन्न ठाउँमा स्याउ राम्रो उत्पादन हुन्छ । केही दिन पहिले कोल्टी-मार्तडी सडक सुचारु होला भनेर बारिमै राखिएको अर्गानिक स्याउ सडक सुचारु नभएपछि ठेकेदारले कर्णाली कोरिडोरको बाटो हुँदै जिल्लाभन्दा बाहिरका विभिन्न बजारमा लगेका हुन् । गत वर्ष बाजुरामा उत्पादन गरिएको स्याउ अछाम, डोटी, डडेलधुरा, कैलाली हुँदै काठमाडौंमा बिक्रीका लागि लगिएको थियो भने यो वर्ष मार्तडी-कोल्टी सडक लामो समयदेखि अवरुद्ध बन्दै गएकोले यता कर्णाली करिडोरबाट कैलाली, नेपालगञ्ज र काठमाडौं लगिएको छ । यहाँ स्थानीय, डेलिसिएस, रोयल, रेडडेलिसियस, गोल्डेन, गाला, फुजी लगायतको स्याउ उत्पादन हुने गरेको छ । स्वामिकार्तिक खापर गाउँपालिमा रहेका दुई हजार चार सय घरधुरीमध्ये एक हजार आठ सय घरधुरीले स्याउ खेती गर्न थालेका छन् । स्वामिकार्तिकमा उत्पादन भएको झण्डै ८० प्रतिशत स्याउ बिक्री भएको छ । स्याउ बिक्रीबाट किसानले झण्डै ८० लाख रुपियाँ कमाएका छन् भने अझै बीस पच्चिस लाखभन्दा बढीको स्याउ सेलार स्टोरमा जम्मा गरेको कृषि शाखा प्रमुख विनोद शाहीले बताए । गत वर्ष स्याउ खेतीमा घाटा बेहोर्दै आएका यहाँका किसानले एक करोडभन्दा बढी रुपियाँ घरको दैलामै बुझेको कृषि शाखा प्रमुख विनोद शाहीले बताउनुभयो । कृषि विज्ञहरुलाई यहाँ बोलाए माटो परीक्षण गर्दा स्याउ खेतीका लागि यहाँको माटो निकै उपयुक्त छ भनेपछि यहाँका किसानलाई थप स्याउ खेतीमा लाग्न उत्प्रेरित गर्दै आएको स्वामिकार्तिक खापर गाउँपालिका अध्यक्ष भरत रोकायाले बताए । गत वर्ष यहाँका स्याउ किसानलाई ढुवानी अनुदानको व्यवस्था गरेको थियो भने यसपालि भने व्यापारीहरु आफैं स्याउ बारीमा आएर स्याउ निर्यात गरेको अध्यक्ष भरतबहादुर रोकायाले बताए ।

# जुम्लाको सिञ्जा गाउँपालिकामा ९६ प्रतिशत साक्षर



• नमस्ते समचारदाता
जुम्ला, असोज/०४

जुम्ला जिल्लाको सिञ्जा गाउँपालिकाकामा ९६ दशमलव दुई प्रतिशत जनता साक्षर भएका छन् । पालिकामा बसोबास गर्ने अधिकांश जनता साक्षर भएसँगै शिक्षा दिवसका अवसरमा पालिकालाई साक्षर घोषणा गरिएको छ। साक्षरताका १२ वटा सूचकमध्ये हस्ताक्षर गर्न सक्ने, मोबाइल चलाउन सक्ने, समय हेर्न र भन्न सक्ने, सामान्य लेखपढ गर्न सक्ने, एकदेखि १० सम्म अंक भन्न र सामाजिक भावना व्यक्त गर्न सक्ने भएकाले साक्षर गाउँपालिका घोषणा गरिएको गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख शंकर धितालले बताए । बाह्रवटा सूचकमध्ये बाँकी छवटा सूचक पूरा गर्न विद्यार्थी र विद्यालय परिचालन गरिएको छ । मूल्यांकन गर्दा सैद्धान्तिक ५० र प्रयोगात्मक ५० प्रतिशत मानिएको छ। पच्चीस प्रतिशत परियोजना कार्यमध्येबाट विद्यार्थीले अभिभावकलाई साक्षर बनाउने र एकअर्कालाई सिकाउने रणनीति गाउँपालिकाले लिएको गाउँपालिका अध्यक्ष पूर्णप्रसाद धितालले बताए।

# पाकेको धान वर्षा र हुरीले नष्ट गरेपछि किसान चिन्तित

• नमस्ते समचारदाता
कञ्चनपुर, असोज/०४



पाकेको धान वर्षा र हुरीले खेतमै ढलेपछि भीमदत्त नगरपालिका- ११ भुजेलाकी काली लुहार लुहार चिन्तित छिन् । भदौ अन्तिम साताको अविरल वर्षासँगै आएको हुरीबतासले उनको धानखेतीमा क्षति पुर् याएको हो । उनले दुई विघा जमिनमा धान लगाएकी छिन् । 'वर्षभरलाई खान पुग्ने धान खेतमा ढल्यो । त्यसमै पानीले गह्रा भरिभराउ छ', उनले भनिन्, 'धान काट्नै नसकिने अवस्था छ, आधा खेतको धान काम नलाग्ने भएको छ ।' वर्षभरिलाई खान पुग्ने धान राखेर बाँकी बिक्री गरेर उनले घरखर्च जोहो गर्दै आएकी थिइन् । 'धान, गहुँखेती गरेर खाने र बाँकी रहेको बेचेर घरखर्च चलाउनु पर्छ', लुहारले भनिन्, 'अब के खाने? के बेच्ने?' भीमदत्त नगरपालिका -११ भुजेलाकै मनोधरी लुहारसँग दुई कट्ठामात्र जमिन छ । त्यसको उब्जाउले खानलाई नपुग्ने हुनाले उनी अधियाँ गर्छन् । गाउँमै अधियाँ गरेको १० कट्ठा जमिनको धानमा क्षति पुगेपछि उनलाई के खाने भन्ने चिन्ताले पिरोल्न थालेको छ । 'हुरीले ढलेर खेतमै पानीले धान कुहिसक्यो । न आफ्नो खेतको धान बच्यो, न अधियाँ गरेको खेतकै', उनले भने, 'किनेर खान पनि पैसा छैन ।' वर्षापछि आएको बाढी र हुरीबतासले कञ्चनपुरमा धानमा क्षति पुर् याएको छ । कृषि ज्ञान केन्द्रका सूचना अधिकारी हरिदत्त जोशीका अनुसार दोधारा चाँदनी, भीमदत्त, पुनर्वास, बेलौरीलगायत क्षेत्रका बालीमा बढी क्षति पुगेको छ । स्थानीय तहले क्षतिको यकिन विवतरण सङ्कलन गरिरहेको छन् । जिल्लाका विभिन्न ठाउँमा गरेर करिब १० प्रतिशत धानखेतीमा क्षति पुगेको कृषि ज्ञान केन्द्रको अनुमान छ । 'डुबान र कटानले बालीमा क्षति पुगेको छ । यकिन विवरण प्राप्त भएको छैन', उनले भने, 'निरीक्षणका क्रममा दोधारा चाँदनीलगायत क्षेत्रमा पटानले खेत पूरै बगर बनाएको पाइएको छ ।'


## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके


# लुम्बिनीका ६ पहाडी जिल्लामा टिमुर खेतीबारे विदेशीको सर्वेक्षणसहितको चासो

• नमस्ते समचारदाता
रुपन्देही, असोज/०४



लुम्बिनीका पहाडी जिल्लामा टिमुर खेतीबारे विदेशीको चासो बढ्न थालेको छ । प्रदेशका पहाडी भू-भाग रहेका रुकुम पूर्व, रोल्पा, प्यूठान, अर्घाखाँची, गुल्मी र पाल्पाका विभिन्न स्थानमा अर्ग्यानिक टिमुर खेती हुँदै आएको छ । खेती भए पनि यसलाई पूर्ण व्यावसायिक रूपमा अगाडि बढेको छैन । तर अहिले केही विदेशी नागरिकहरूले यसलाई अध्ययनको विषय बनाएर निर्यातसम्मको योजना बनाएपछि स्थानीयसँगै सरकारको पनि चासो बढेको हो । प्रदेश सरकारले वार्षिक नीति तथा कार्यक्रम र बजेटमै समावेश गरेर अगाडि बढाएको यसको व्यावसायिक उत्पादनलाई विदेशीले चासो राखेपछि सरकारले पनि सघन छलफल थालेको छ । प्रदेशमा गत जेठ १८ गते टिमुर सम्मेलन भएको थियो । प्रदेशमा रहेको १० लाख हेक्टर वन क्षेत्रमध्ये ५० हजार हेक्टरमा टिमुर खेती गर्न सकिने सम्भावना रहेको प्रदेश सरकारले जनाएको छ । एक हेक्टर जमिनमा चार सय बिरुवा हुर्काउने सकिने, एउटा बिरुवाबाट मात्रै तीन केजीसम्म टिमुर उत्पादन गर्न सकियो भने प्रतिवर्ष ६ करोड किलो टिमुर उत्पादन गर्न सकिने आधार यो सम्मेलनले दिएको थियो । अहिले प्रशोधन नगरिएको टिमुर प्रतिकिलो ५ सयदेखि ८ सय रुपैयाँ किलोमा सहजै बिक्री हुने गरेको छ र यसलाई कालो सुन भनेर पनि चिन्ने गरिन्छ । वन तथा वातावरण मन्त्रालयका सचिव मोहनराज काफ्लेका अनुसार आर्थिक वर्ष २०७/०७९ मा दुई लाख ९० हजार पाँच सय १९ किलो टिमुर निर्यात भएको छ । अहिले पनि रोल्पा जिल्लाका विभिन्न स्थानमा टिमुरको व्यावसायिक खेत हुँदै आएको छ । विषादीरहित टिमुरलाई विश्व बजारमा पुऱ्याउदा त्यहाँबाट राम्रो आम्दानी हुनसक्ने भएपछि सर्वेक्षणसमेत सुरु भएको छ । माडी गाउँपालिका, त्रिवेणी गाउँपालिका र रुन्टीगढी गाउँपालिकामा स्थानीयले टिमुर खेती गर्दै आएका छन् । यहाँ पाइने अर्ग्यानिक टिमुरलाई विश्व बजारमा पुऱ्याउन सकिने बारेमा विदेशी कम्पनीहरूले चासो देखाएर अध्ययन, सर्वेक्षण थालेका हुन् । मुख्यमन्त्री चेतनारायण आचार्यले अर्ग्यानिक टिमुर खेतीबारे प्रदेश सरकारले व्यावसायिक योजना बनाउन साथ दिने प्रतिबद्धता गरेका छन्। टिमुरको व्यावसायिक खेतीबाट किसानको जीवनस्तर सुधार गर्न सकिने भनाई मुख्यमन्त्री आचार्यको छ।


जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला


नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके